**घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.**
(GHODIGHODA LAGHUBITTA BITTIYA SANSTHA LTD.)
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र)
केन्द्रीय कार्यालय बेलौरी, कंचनपुर

Website :www.ghodighoda.com.np
Email:ghodighoda.mfi@gmail.com
फोन नं. ०९९-५८०३९८/०९९५८०४२३

च.नं.: ५३०

# छैठौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८।०८।१५ कारोबार राष्ट्रिय दैनिक)

**श्री शेयरधनी महानुभाव,**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७८।०८।१० गते बसेको ११६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको **छैठौं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

**छैठौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०७८ साल पौष १० गते शनिबार ।
समय : बिहान १०:०० बजेदेखि ।
स्थान : होटल रुबस, बैयाबेहडी धनगढी कैलाली ।

**छैठौं वार्षिक साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसङ्ग सम्बन्धित अनुसुचीहरु समेत छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व. २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा । (लेखापरीक्षक श्री आर.पाण्डेय एण्ड एसोसिएट्स , चार्टर्ड एकाउन्टेन्ट्स भिमदत्तनगर ४ महेन्द्रनगर कञ्चनपुर नियुक्त हुन योग्य हुनुहुन्छ ।)

४. विविध सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले,
नरेन्द्रप्रसाद लम्साल
कम्पनी सचिव

मितिः२०७८/०८/१५ गते

कम्पनी सचिव

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारीः**

**१.**यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड र यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी प्रारम्भिक समझदारी पत्रमा मिति २०७७।०७।२१ गते शुक्रबारका दिन हस्ताक्षर भए अनुसार यस वित्तीय संस्थाको शेयर कारोबार मिति २०७७।०७।२३ गते आइतबारबाट रोक्का रहेको छ । यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको छैठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७।०७।२१ गते शुक्रबारसम्म नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोबार भई मिति २०७८।०८।२९ गते बुधबारसम्म यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादीमा प्राप्त शेयर नामसारी भई लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउनेछन् ।

**२.** शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा छैठौं वार्षिक साधारण सभाको सूचना पठाइनेछ । साथै छैठौं वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावको **Email** अथवा मोबाइल फोनमा **SMS** समेत गरी पठाइनेछ र संस्थाको Website:**www.ghodighoda.com.np** मा समेत हेर्न सकिनेछ । कुनै कारणवश् उपरोक्त सूचना प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले यसै सूचनालाई आधार मानी आफ्नो शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

**३.** साधारण सभा हुने दिन तोकिएको समयभन्दा अगावै आफ्नो कुनै परिचय पत्र तथा शेयरधनी नं. वा शेयर अभौतिकीकरण गरिसकेको शेयरधनीको हकमा हितग्राही खाता नं.सहित उपस्थित भैदिनुहुन अनुरोध छ । साथै सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । सभा हुने दिन हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि खुला रहनेछ ।

४. शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफु जुन समूह/उपसमूहको शेयरधनी हो, सोही समह/उपसमूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन पाईनेछ र प्रतिनिधि पत्र (प्रोक्सी फारम) घोडीघोडा लघुवित्त वित्तिय संस्था लिमिटेडको केन्द्रीय कार्यालय बेलौरी कञ्चनपुरबाट वा यस संस्थाको Website:**www.ghodighoda.com.np** मा Download गरी प्राप्त गर्न सकिनेछ ।

५. प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा न्युनतम ७२ घण्टा अगावै अर्थात् २०७८।०८।०७ गते बिहान १०:०० बजे भित्र संस्थाको केन्द्रीय कार्यालय बेलौरी कञ्चनपुरमा दर्ता गरिसक्नु पर्नेछ ।

६. शेयरधनीले १(एक) भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टयाई प्रोक्सी दिन पाइने छैन । प्रोक्सी प्रचलित कम्पनी ऐन तथा नेपाल कानुनले तोकेको ढाँचामा दिनुपर्ने छ । संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाईने छैन । त्यसरी दिएको प्रोक्सी बदर हुने छ । एक जना शेयरधनीले १(एक) जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेमा पछिल्लो प्रतिनिधी पत्र (प्रोक्सी फारम) स्वत: बदर हुनेछ । तर पहिला दिएको प्रतिनिधी पत्र (प्रोक्सी फारम) बदर गरी पछि दिईएको प्रतिनिधि पत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्रसाथ प्रतिनिधी पत्र (प्रोक्सी फारम) तोकिएको समय अवधिभित्रै दर्ता गर्न ल्याएमा छुट्टै पत्रसाथ प्राप्त पछिल्लो प्रतिनिधी पत्र (प्रोक्सी फारम) लाई मान्यता दिईनेछ ।

७. प्रतिनिधी नियूक्त गरिसकेको शेयरधनीले सभाको कामकारबाही शुरु हुनु अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयर धनीले दिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ ।

८. विविध शिर्षक अन्तर्गत प्रश्न वा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावले आफूले राख्न चाहेको विषयका सम्बन्धमा सभा हुनु भन्दा ७ दिन अगावै लिखित रुपमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषयमा छलफल गर्न सकिने छैन । विविध शिर्षक अन्तर्गतका विषयहरु छलफलमा समावेश हुने तर पारित हुने विषयमा समावेश गरिने छैन ।

०९. नाबालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत किताबको संरक्षकका रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नुहुनेछ ।

१०. शेयरधनी महानुभावहरुले कार्यालय समयभित्र यस संस्थाको केन्द्रीय कार्यालय बेलौरी कञ्चनपुरमा सम्पर्क गरी छैठौं वार्षिक साधारण सभा सम्बन्धी र अन्य जानकारी प्राप्त गर्न सक्नुहुनेछ । साथै छैठौं वार्षिक साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस संस्थाको शेयर रजिष्टार प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाण्डौमा सम्पर्क राख्न र यस संस्थाको Website: **www. ghodighoda.com.np** मा हेर्न सकिनेछ ।

कम्पनी सचिव